# CHANDRAGIRI HILLS LIMITED

## आर्थिक वर्ष २०७७ /०७८ को तश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

**अनुसूची-१४**

चन्द्रागिरि हिल्स लिमिटेडको २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

**१. वित्तीय विवरण :-**

(कम्पनीको हिसाब किताब इ.स.( अंग्रेजी महिना ) अनुसार लेखांकन गरिने भएको हुँदा आर्थिक वर्ष २०७७/०७८(२०२०/२०२१) को १६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक बर्ष २०७७/०७८ अर्न्तगत कम्पनीको १५ जुलाई २०२१ मा समाप्त भएको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरणहरु अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।

चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधि, १५ जुलाई २०२१ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणहरुका प्रमुख वित्तीय अनुपातहरु :-

| विवरण | चौथो त्रैमासिक अवधि १५ जुलाई २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३१ मार्च २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत बर्षको त्रैमासिक अवधि १५ जुलाई २०२० को अन्त्यमा (लेखापरीक्षण भएको ) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | २.१४ | २.०१ | १.६८ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | (०.२२) | (०.१५) | (०.११) |
| प्रति शेयर आम्दानी (रु) | (१६.५५) | (११.८१) | (९.७२) |
| प्रति शेयर नेटवर्थ (रु) | ७४.३५ | ७९.०९ | ८९.६५ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २४२.८४ | २४९.३४ | २७५.६० |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १५०५ | २,४८५ | – |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | (९०.९५) | (२१०.४८) | – |
| चालु अनुपात | २.६६ | २.७० | ०.७१ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक समीक्षा अवधिमा विश्वव्यापी रुपमा फैलिएको कोभिड – १९ को कारण कम्पनीको व्यावसायीक गतिविधि तथा क्रियाकलाहरुमा प्रत्यक्ष प्रभाव पारेको छ । नेपाल सरकारबाट मिति २०७८ वैशाख १६ गतेबाट कोभिड – १९ संक्रमणको दोस्रो लहर नियन्त्रण तथा रोकथामका लागि काठमाडौं उपत्यकामा निषेधाज्ञाको आदेश जारी भयो र सो आदेश समिक्षा अवधिभर कायम रहेकोले कम्पनीको सम्पूर्ण आर्थिक प्रशासनिक क्रियाकलापहरु सो अवधिभर ठप्प रहन गयो ।

(ख) कम्पनीले विश्व स्वास्थ्य संगठन, नेपाल सरकार तथा नेपाल पर्यटन बोर्डबाट जारी गरीएको कोभिड मापदण्डलाई पूर्ण रुपमा पालना गर्दै आफ्नो आर्थिक गतिविधिलाई चलायमान बनाईरहेको अवस्थामा निषेधाज्ञा पश्चात्को समयमा कम्पनी पूर्णरुपमा नै गत वर्षको सोही अवधिको अवस्थामा धकेलीन पुग्यो ।

(ग) आर्थिक वर्ष ०७७/०७८ को चौथो त्रैमासिक समीक्षा अवधिको अन्त्यमा अर्थात १५ जुलाई २०२१ सम्मका वित्तिय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसँग तुलनात्मक रुपमा विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा ४७ प्रतिशतले ह्रास आएको छ। जुन पूर्णतया कोभिड - १९ का कारणबाट परेको प्रत्यक्ष प्रभावको परिणाम हो।

तथापी कम्पनीको व्यवस्थापन तथा संचालन नेतृत्वको रणनीतिक व्यवस्थापन, प्रतिकूल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रर्दशन गर्ने व्यवस्थापकीय निपूर्णता, व्यवसायिक दक्षता तथा क्षमता, कर्मचारीहरुको पूर्ण सहयोग र समर्थनको कारण कम्पनीलाई शून्यताको अवस्थाबाट बचाई आर्थिक चलायमानको अवस्थालाई कायम गरिएको छ। तद्अनुरुप कम्पनीको खर्चहरुमा समेत पूर्णत : मितव्ययीता अपनाई खर्चमा कटौती गरी कम्पनीको चालु अर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई हुन सक्ने अप्रत्याशित नोक्सानीलाई मिल्नेसम्म न्यूनीकरण गरि सोका लागि आवश्यक व्यवसायिक तथा रणनीतिक कार्यहरु तर्जुमा गर्दै जोखिम र घाटा न्यूनिकरण गर्ने प्रयास जारी रहेको छ। साथै आगामी दिनहरुमा समेत यो नितीलाई कायम राख्दै सापेक्षरुपमा कम्पनीको आम्दानीको न्यूनलाई समेत बिचार गरि खर्चलाई मितव्यायीता अपनाउँदै पूर्णत : शसक्त व्यवस्थापकीय दक्षता तथा कार्यकुशलता साथ कम्पनीलाई व्यवसायीक नोक्सानीबाट बचाउने तर्फ पुर्ण ध्यान केन्द्रित रहनेछ।

(घ) समीक्षा अवधिमा कोभिड – १९ को संक्रमणमा भएको बृद्धिका कारण अन्तराष्ट्रिय हवाई उडानहरु समेत प्रभावित हुन पुगे। छिमेकी मुलुक भारतमा समेत कोरोनाको प्रभाव हाल सम्मकै उच्च विन्दुमा पुग्न जाँदा यसको प्रत्यक्ष प्रभाव नेपालमा समेत देखिन पुगेको, मार्च महिनामा अन्त भएको अघिल्लो त्रयमासमा कम्पनीले कोरोनाको प्रभाबबाट माथि उक्ली आर्थिक सुचकमा केही सकारात्मक सुधारहरुको महसुस गर्दै गर्दा एकाएक बढ्न गएको महामारीले पून नकारात्मक सुचकाङ्को सामाना गर्नु पर्‍यो।

(ङ) कम्पनीद्धारा सामाजिक उत्तरदायित्वलाई वहन गर्दै बन्द अवस्थामा रहेको रिसोर्टका २५ वटा कोठाहरुलाई नेपाल सरकार ,पर्यटन विभागबाट जारी सूचना अनुसार क्वारेन्टाईनका रुपमा प्रयोग गर्नका लागि छुट्टाइयो ।

(च) कम्पनीबाट भ्रमणमा आउने पर्यटकहरुको सेवालाई लक्षित गर्दै केवुलकारको टप स्टेशन क्षेत्रमा Wall Climbing सुविधा थप गरेको छ। साथै सोही स्थलमा साहासिक तथा मनोरन्जनात्मक खेल जस्तै : जिप लाइन, सुइङ लगायतका सुविधा समेत थप गर्ने योजना बनाई कार्य अगाडी बढाइसकेको छ।

(छ) चौथो त्रैमासिक अवधिमा कम्पनीमा कार्यरत कर्मचारीहरुलाई होटल एशोसियसन अफ नेपालको समन्वयमा नेपाल सरकार द्धारा प्रथामिकताको आधारमा आयोजना गरिएको कोरोना विरुद्धको खोप कार्यक्रममा सहभागी गराई सवै कर्मचारीहरुलाई खोप लगाउने कार्य गरिएको।

(ज) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीहरुको साँवा ब्याज निर्धारित समयमा भुक्तानी गरिएको छ।

## **३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

## **४.संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को आषाढ मसान्तमा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम,न्यूनतम,अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| त्रैमासिक आ.व.२०७७/०७८ (२०२०/०२१) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक (२०७८ आषाढ मसान्त) | २,८०० | १५९ | १,५०५ | ६६ | ३९,६०३ | ११,९१,२२५ |

## ५. समस्या तथा चुनौती :-

### (क) समस्या तथा चुनौतीहरु :

**(अ) आन्तरिक**

१.यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. विश्वव्यापी रुपमा तिब्रतर गतिमा प्रभाव पारेको दोश्रो चरणको कोभिड – १९ को प्रतिकूल असर, साथै तेश्रो लहरको प्रभावले थप असर पुऱ्याउन सक्ने ।
२. पर्यटन भौतिक पूर्वाधारको विकासको कमी ।
३. अप्रत्याशित रुपमा राष्ट्रिय स्तरमा घोषणा हुने निर्णयहरु र यसबाट पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।
४. पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा अर्न्तराष्ट्रिय स्तरमा जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
५. उर्जा, विद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित मूल्य बृद्धि, उपभोग्य पदार्थको मुल्यवृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
६. देशमा अचानक आईपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपद तथा प्रकोपहरुको प्रभाव ।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन ।

### (ख) रणनीति :

कोरोनाभाईरस संक्रमणको यस प्रतिकूल परिस्थितिमा कम्पनीले व्यवसायिक गतिविधि बृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामाना गर्नुपरेको अवस्थामा पनि भ्रमणमा आउने तथा रिर्सोटमा बस्न आउने पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, संरचनाका सेवा तथा सुविधा सम्बन्धी भौतिक पूर्वाधारको स्तर बृद्धि गर्ने तथा व्यवसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गर्दै कम्पनी संचालन गर्दा न्युनतम खर्चमा गर्ने , कम्पनी संचालनार्थ सम्बन्धित खर्चको मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई समेत कटौती गरि कम्पनीलाई प्रतिकूल परिस्थितिमा समेत अनुकूल वातावरण बनाई आम्दानी बृद्धि गर्न बजारको व्यावस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिइनेछ ।

## ६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम संम्बन्धी विवरण :

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट गरि लेखापरीक्षण गराउने गर्दछ , लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको ।

(ख)कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गर्ने गरिन्छ , जसले आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण उपसमिति समक्ष पेश गर्ने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम , विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्ने गरेको ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसुची १

**Chandragiri Hills Limited**
**Kathmandu, Nepal**

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**AS ON 31st ASHAD 2078 BS (15th JULY 2021 AD)**

| | Particular | Upto this Quarter ending on 31st Ashad 2078 (15th July 2021) (Unaudited) | Upto Previous Quarter ending on 31st March 2021 (Unaudited) | Corresponding Previous Year Quarter ending on 31st Ashad 2077 (15th July 2020) (Audited) |
|---|---|---|---|---|
| I | **ASSET** | | | |
| | **Non-Current Asset** | | | |
| | (a) Fixed Asset | | | |
| | (i) Property, Plant and Equipment | 3,088,954,356 | 3,112,859,154 | 3,138,400,193 |
| | (ii) Intangible Asset | 5,258,814 | 5,258,814 | 5,064,564 |
| | (ii) Capital Work in Progress | 15,369,812 | 14,907,738 | 14,759,738 |
| | (b) Long term Investment | 209,300,000 | 208,388,200 | 194,900,000 |
| | Deferred tax asset | 30,453,649 | 30,453,649 | 30,453,649 |
| | **Total of Non- Current Asset** | **3,349,336,632** | **3,371,867,555** | **3,383,578,144** |
| | **Current Assets** | | | |
| | (a) Inventories | 23,756,966 | 23,664,145 | 23,352,133 |
| | (b) Account Receivables | 16,578,392 | 19,212,473 | 18,470,574 |
| | (c) Cash & Cash Equivalent | 98,692,617 | 160,269,304 | 19,298,666 |
| | (d) Loans & Advances | 133,932,207 | 147,884,383 | 167,913,140 |
| | (e) Other Current Assets | 103,092,957 | 102,223,443 | 107,935,748 |
| | **Total of Current Asset** | **376,053,139** | **453,253,748** | **336,970,261** |
| | **Total Asset** | **3,725,389,771** | **3,825,121,303** | **3,720,548,405** |
| II | **EQUITY & LIABILITIES** | | | |
| 1 | **Equity, Reserve and Surplus** | | | |
| | (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,350,000,000 |
| | (b) Calls In Advance | - | - | - |
| | (c) Reserve and Surplus | (393,560,161) | (320,838,098) | (139,717,385) |
| | **Total Equity, Reserve and Surplus** | **1,140,530,839** | **1,213,252,902** | **1,210,282,615** |
| 2 | **Non- Current Liabilities** | | | |
| | (a) Long-term borrowings | 2,443,573,064 | 2,444,073,064 | 2,038,946,014 |
| | (b) Deferred Tax Liabilites | | | - |
| | **Total of Non-Current Liabilities** | **2,443,573,064** | **2,444,073,064** | **2,038,946,014** |
| 3 | **Current Liabilities** | | | |
| | (a) Short Term Borrowing | - | - | 188,388,083 |
| | (b) Duties & Taxes | 3,958,981 | 4,289,964 | 9,276,991 |
| | (c) Account payable | 30,934,437 | 50,471,675 | 68,219,522 |
| | (d) Other Current Liabilities | 106,392,450 | 113,033,698 | 205,435,180 |
| | **Total of Current Liabilities** | **141,285,868** | **167,795,336** | **471,319,776** |
| | **Total Equity and Liabilities** | **3,725,389,771** | **3,825,121,303** | **3,720,548,405** |

## Chandragiri Hills Limited
## Thankot, Kathmandu

**Statement of Profit & Loss for the period ended on 15th July, 2021**

| Particulars | Upto this Quarter ending on 31st Ashad 2078 (15th July 2021) (Unaudited) | Upto Previous Quarter ending on 31st March 2021 (Unaudited) | Corresponding Previous Year Quarter ending on 31st Ashad 2077 (15th July 2020) (Audited) |
|---|---|---|---|
| Revenue from Operation | 221,578,437 | 174,220,188 | 413,083,421 |
| Cost of sales | 34,833,829 | 27,898,893 | 61,926,752 |
| **Gross Income** | **186,744,608** | **146,321,295** | **351,156,669** |
| Other Income | 6,702,766 | 2,133,340 | 29,030,357 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 48,352,345 | 31,701,984 | 94,088,653 |
| Administrative and Other Expenses | 70,833,870 | 50,675,009 | 76,817,661 |
| Depreciation and Amortization Expenses | 130,000,000 | 94,232,753 | 122,247,896 |
| **Total Expenses** | **249,186,214** | **176,609,746** | **293,154,210** |
| **Profit/loss from Operation** | **(55,738,841)** | **(28,155,112)** | **87,032,815** |
| Finance costs | 198,103,936 | 152,965,601 | 218,224,463 |
| **Profit before extra ordinary items and taxes** | **(253,842,776)** | **(181,120,713)** | **(131,191,648)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | - | | (24,574,848) |
| **Profit (Loss) for the period from continuing operations** | **(253,842,776)** | **(181,120,713)** | **(106,616,800)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **(253,842,776)** | **(181,120,713)** | **(106,616,800)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | (16.55) | (11.81) | (7.90) |
| Diluted Earning per share | (16.55) | (11.81) | (7.90) |